बैठक संख्या २/१३२

आज मिति २०७९ अश्विन १४ गते शुक्रबारका दिन सूर्यविनायक नगरपालिकाको १३२ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सावित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| 22 | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| 23 | अनिरुद्ध नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुखउ | |
| | | | |

**मिति २०७९ अश्विन १४ गते नगर कार्यपालिका (१३२औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. गत विगतको बैठकको समीक्षा सम्बन्धमा

२. चाडवाड शुभकामना सम्बन्धमा ।

२. कार्यालय बन्द रहने सूचना जारी गर्ने सम्बन्धमा ।

४. लेखा अधिकृतलाई पदस्थापना गर्ने सम्बन्धमा ।

५. सहकारी प्रतिवेदन प्रस्तुति

६. विविध ।

**निर्णय नं १**

नगर कार्यपालिकाको यस अगाडि बसेका बैठकहरुमा भएका निर्णयहरुको कार्यान्वन र प्रभावकारिताका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्रप्रसाद कडेलबाट समीक्षात्मक टिप्पणी बैठक समक्ष प्रस्तुत गरियो । विगत बैठकहरुमा भएका अधिकांश निर्णयहरु समयमा नै कार्यान्वयन भएको भएता पनि मिति २०७९ असार २१ गते भएको निर्णय नं ३ एकिकृत सरकारी कार्यालय स्थापनाका लागि जग्गा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरिएकोमा हालसम्म जग्गा प्राप्ति प्रकृया अगाडि वढन नसकेकोले पुनः ताकेता सहित सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं २**

नेपालीहरुको महान चाड विजया दशमी, शुभ दिपावली, नेपाल सवत् ११४३ एवं छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपाली दाजुभाई, दिदीवहिनी सहित क्रियाशील राजनीतिक दल, संचारकर्मी, संघ संस्था लगायत आम नगरबासीहरुमा सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

नेपालीहरुको महान चाड बडादशैको अवसरमा सूर्यविनायक नगर कार्यपालिका र मातहत कार्यालयहरु मिति २०७९।०६।१६ देखि मिति २०७९।०६।२३ गतेसम्म बन्द रहने तर नपा र मातहतबाट प्रवाह हुने अत्यावश्यक सेवा र आकस्मिक सेवा प्रवाह भने सुचारु रहने गरी सूचना प्रकाशन गर्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।०६।०६ च.न.८५१ को पत्र मार्फत यस कार्यालयमा खटि आउनु भएका लेखा अधिकृत (अधिकृत सातौ) श्री सर्वदा पण्डितलाई यस कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी प्रदान गरी नगर कार्यपालिकाको कार्यालयमा पदस्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस नगरपालिका क्षेत्रलाई कार्यक्षेत्र बनाई संचालनमा रहेका सहकारी संस्थाहरुको वर्तमान अवस्था, सदस्य संख्या, शेयर एवं बचत, ऋण लगानी, सामाजिक क्रियाक्लाप लगायतका विस्तृत विवरणहरु समेटी सहकारी विवरण अद्ययावधिक सहितको प्रतिवेदन तयारीका लागि राष्ट्रिय सहकारी बैंक सूर्यविनायक शाखाका प्रमुख सहकारी विज्ञ श्री दिनेश गेलाल सहितको समूहलाई कार्य जिम्मेवारी प्रदान गरिएकोमा निजबाट तयार गरिएको सूर्यविनायक नगरपालिका भित्र संचालित सहकारी संस्थाहरुको विवरण अद्यावधिक अध्ययन प्रतिवेदन बैठक समक्ष प्रस्तुत भयो । प्रतिवेदन मार्फत पेश गरिएका सुझाव कार्यान्वनका लागि सम्बन्धित शाखाले कार्ययोजना बनाई कार्यप्रकृया अगाडि बढाउन निर्देशन दिने नर्णय गरियो ।

**निर्णय नं ६**

सूर्यविनायक नगरपालिकाको सूचना संकलन, विश्लेषण र सूचना प्रवाह कार्यलाई व्यवस्थित गर्नका लागि नगर प्रवक्ता श्री रविन्द्र सापकोटाको संयोजकत्वमा तपसिल बमोजिमको सूचना केन्द्र व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| **श्री रविन्द्र सापकोटा** | **नगरपालिका प्रवक्ता** | **संयोजक** |
| श्री अनिरुद्र नेपाल | सूचना अधिकारी | सदस्य |
| श्री राजेन्द्रप्रसाद नेपाल | गुनासो सुन्ने अधिकारी | सदस्य |
| श्री सुशन खत्री | MIS अपरेटर | सदस्य |
| श्री सौरभ नेपाल | सूचना प्रविधि अधिकृत | सदस्य सचिव |

उपरोक्त समितिको तर्फबाट सूचना व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिका समक्ष अध्ययन सहितको सुझाव प्रस्तुत गर्ने । समितिको बैठक वस्दा नियमानुसारको बैठक भत्ता उपलब्ध गराईने ।